नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कर्मचारी प्रशासन शाखा

सिंहदरबार, काठमाडौं

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११८७, ४२११९१५

फ्याक्स : ४२११९३५

पत्र संख्या: ०७५/०७६

च.नं.: २२८

मिति: २०७५।०५।३१

विषय: साविकका क्षेत्र, जिल्ला र स्थानीय तहमा रहेका निकायहरूको सम्पत्ति व्यवस्थापन सम्बन्धमा।

✓ श्री पशु सेवा विभाग

हरिहरभवन, ललितपुर।

उपरोक्त सम्बन्धमा साविकमा यस मन्त्रालय मातहत रहेका देहायका निकायहरूको सम्पत्ति व्यवस्थापन सम्बन्धमा यस मन्त्रालयको माननीय मन्त्रीस्तरको मिति २०७५।५।२८ को निर्णयानुसार देहाय बमोजिम गर्ने गराउने भन्ने भएकोले आवश्यक कार्यार्थ तहाँ पठाइएको व्यहोरा अनुरोध छ।

१. स्वीकृत संगठन संरचना अनुसार पशु सेवा केन्द्रहरू स्थानीय सरकार मातहत रहने भएकोले साविकका सबै पशु सेवा केन्द्रहरूको सम्पत्ति, दायित्व, कार्यक्रम र अभिलेख स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सम्बन्धित स्थानीय तहमा स्थानान्तरण गर्ने।

२. साविकको जिल्ला पशु सेवा कार्यालयहरू खारेज भईसकेको र नयाँ स्वीकृत संगठन संरचना अनुसार हाल ४७ जिल्लामा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रदेश सरकार मातहत रहने गरी कायम भएकाले साविकको जिल्ला पशु सेवा कार्यालयहरूको जग्गा जमीन, भौतिक संरचना र सम्पति नेपाल सरकारको स्वामित्वमा रहने गरी सम्बन्धित जिल्लामा रहने भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले उपयोग गर्ने र ४७ जिल्ला भन्दा बाहेकका जिल्लाहरूको साविकको जिल्ला पशु सेवा कार्यालयहरूमा पनि जुन भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यक्षेत्र पर्छ सो को जिल्ला सम्पर्क केन्द्रको स्थापना गरी उक्त सम्पर्क केन्द्रले नै संरक्षण तथा उपयोग गर्ने।

३. साविकको क्षेत्रीय पशु सेवा तालिम केन्द्र खारेजीमा परी हाल नयाँ स्वीकृत संगठन संरचना अनुसार प्रत्येक प्रदेशमा एक/एक पशु सेवा तालिम केन्द्र रहने भएकोले साविकका क्षेत्रीय पशु सेवा तालिम केन्द्रहरूको जग्गा जमीन, भौतिक संरचना र सम्पति नेपाल सरकारको स्वामित्वमा रहने गरी सम्बन्धित प्रदेशमा रहने पशु सेवा तालिम केन्द्रले संरक्षण र उपयोग गर्ने।

४. साविकको क्षेत्रीय पशु सेवा निर्देशनालयहरू खारेजीमा परी हाल नयाँ स्वीकृत संगठन संरचना अनुसार प्रत्येक प्रदेशमा एक/एक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय रहने भएकोले साविकका क्षेत्रीय पशु सेवा निर्देशनालयहरू (साविकको क्षेत्रीय पशु सेवा निर्देशनालय, मध्यमाञ्चलको आफ्नो जग्गा र भवन नभएकोले सो बाहेक) को जग्गा जमीन, भौतिक संरचना र सम्पति नेपाल सरकारको स्वामित्वमा रहने गरी सम्बन्धित प्रदेशमा रहने पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले संरक्षण र उपयोग गर्ने।

५. प्रदेश मातहत रहने गरी संगठन संरचना स्वीकृत भएका पशु विकास फार्महरू (बाखा विकास फार्म, चित्लाङ र कुखुरा विकास फार्म, खजुरा, बाँके) र मत्स्य विकास केन्द्रहरूको हकमा समेत जग्गा जमीन, भौतिक संरचना र सम्पति नेपाल सरकारको स्वामित्वमा रहने गरी सम्बन्धित फार्महरू र केन्द्रहरूले संरक्षण तथा उपयोग गर्ने।

पवनकुमार रेग्मी

शाखा अधिकृत

श्री प्रशासन
सम्पत्ति व्यवस्थापन सम्बन्धी
कार्यालयहरूमा परिपत्र
गर्ने।